नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ५ २०७८ साल साउन ६ गते बुधबार (21 July 2021 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विप्लवको भेटवार्ता : वामपन्थी ... ३ पृष्ठमा : बलि (कुर्वान) दिने पर्व ... ३ पृष्ठमाकोभिड खोप लगाएका ...

# चन्द्र नहरको बाँध भत्किदा सयौं घर डुवानमा





**दैनिक समाचारदाता**
**राजविराज, ५ साउन ।**

लगातारको वर्षाले सप्तरीस्थित चन्द्र नहरको बाँध ठाउँ ठाउँमा कटान गर्दा करिब तीन सय घर डुवानमा परेको छ ।

नेपालकै पुरानो मध्येका एक सप्तरीको सप्तकोशी नगरपालिकास्थित चन्द्र नहरको बाँध बाढीले कटान गर्दा करिब तीन सय घर डुबानमा परेको हो ।

नहरको बाँध फुटेर सप्तकोसी नगरपालिकाका वडा न १, २, ४ र ११ का गरी तीन सय घर डुबानमा परेको तथा घर घरमा दुई/तीन फिटसम्म पानी जमेको सप्तकोशी नगरपालिकाका प्रमुख उत्तम गौतमले जानकारी दिएका छन् ।

सोमबार साँझदेखि सुरु भएको वर्षा मंगलबार विहान पनि जारि रहँदा उक्त नगरपालिकाको जुटपानी, सत्रापत्र, अमहा, ट्याङ्गा लगायतका खहरे खोलामा आएको बाढीले चन्द्रनहरको बाँध दुई ठाँउमा भत्काएको स्थानीय अमर खवासले बताएका छन् ।

बाढीले बाँध सँगै नहर छेउको ठूलो सिमलको रुख समेत ढालेर दुई स्थानमा गरी करिब ५० मिटर नहर कटान गरेको छ । यस्तै नगरक्षेत्रका खहरेखोलाको बाढी ओभरफ्लो भई निरन्तर धक्का दिन थालेपछि नहर नै कटान गरी क्षतिग्रस्त बनाएको छ ।

विगतमा पनि सप्तकोसी नगरपालिका ९ कमलपुरमा चन्द्र नहरको बाँधले उच्च वहाव थेग्न नसकि फुटेर करोडौंको क्षति पुऱ्याएको थियो ।

यता जिता नदीको बाढीले जिल्लाकै तिलाठी कोइलाडी गाउँपालिका ७ मंसापुर, वडा नं. ५ बरसाइन र वडा नं. ८ तोपाका करिब सय भन्दा बढी घर डुबानमा पारेको गाउँपालिका अध्यक्ष सतीशकुमार सिंहले जानकारी दिएका छन् ।

दुई दिन यता निरन्तरको वर्षाका कारण जिल्लाका नदीहरूमा जलस्तर निकै बढेकोले स्थानिय प्रशासनले तटिय क्षेत्रका बासिन्दाहरुलाई उच्च सतर्कता अपनाउन अपील गरेको छ ।

# पेस्तोलसहित तीन भारतीय पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ५ साउन ।**

बाराको मौलापुर नागरपालिका ५ स्थित मौलापुर कलैया सडक खण्डबाट प्रहरीले तीन जना भारतीयलाई पेस्तोलसहित पक्राउ गरेको छ ।

भारतबाट हतियार बोकेर नेपाल प्रवेश गरेका उनीहरु जिल्ला प्रहरीबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा भारतको बिहार राज्य मोतिहारी जिल्ला ग्राम पञ्चायत बिजवनी २ का २२ वर्षीय देवेन्द्र कुमार यादव, सुधिर कुमार यादव र सन्दिप कुमार रहेका छन् ।

प्रहरीले देवेन्द्र कुमारको साथबाट मेड ईन इङ्ल्यान्ड लेखेको सिक्सर पेस्तोल बरामद गरेको तथा हतियारको कारोबारमा संलग्न भएको आरोपमा सुधिर कुमार र सन्दिप कुमार पक्राउ परेको डीएसपी नारायणप्रसाद चिमरियाले बताए ।

# आज सार्वजनिक बिदा

काठमाडौँ, ५ साउन (रासस) ।

सरकारले बकर इदको अवसरमा बुधबार सार्वजनिक बिदा दिएको छ ।

गृह मन्त्रालयले मंगलबार एक सूचना जारी गरी इस्लाम धर्मावलम्बीले मनाउने बकर इद

*बाँकी अन्तिम पृष्ठमा*

# बाढीले पुऱ्याएको क्षतिको यकिन गरि राहतको व्यवस्था मिलाउन राज्यमन्त्री कर्णको माग

**दैनिक समाचारदाता**
**राजविराज, ५ साउन ।**

प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुबी कुमारी कर्णले केही दिनदेखि भईरहेको अविरल वर्षाका कारण प्रदेश नं. २ का सप्तरीसहितका आठ वटै जिल्लाका नदीहरुमा आएको बाढीले पुऱ्याएको क्षतिको यकिन गरी आवश्यक उद्दार तथा राहतको व्यवस्था मिलाउन सम्बन्धीत निकायलाई ध्यानाकर्षण गराएकी छिन् ।




राज्यमन्त्री कर्णले मंगलबार एक विज्ञप्तिमार्फत सो ध्यानाकर्षण गराउँदै ईस्लाम धर्मावलम्बीहरुको महान पर्व बकर-ईद (इदुल जोहा) को अवसरमा सम्पूर्ण मुस्लिम समुदायमा सुख, शान्ति, समृद्धि एंव सुस्वास्थ्य र दिर्घायुको हार्दिक शुभकामना व्यक्त गरेकी छिन् ।

सम्पूर्ण नेपालीलाई यस्ता धार्मिक तथा सांस्कृतिक पर्वहरुले एकता र सामुदायिक सदभाव कायम गर्दै एक आपसमा भाई चाराको सम्बन्ध स्थापित गर्दै आएको उनले उल्लेख गरेकी छिन् ।

विभिन्न धर्म भाषा, संस्कृतिका बीच एक अर्काका मौलिक संस्कृति र पर्वहरुको सम्मान गर्दै आएको जनाउँदै मुस्लिम समुदायले विशेष महत्वका साथ मनाउने यस पर्वले सबैलाई थप हौसला र उर्जा मिल्ने विश्वास लिएको विज्ञप्तिमा उल्लेख छ ।

वैश्विक कोरोना भाईरस फैलिन नदिन र संक्रमणबाट बच्न भौतिक दुरी कायम गरी आ-आफ्नै घरमा बसी यस पर्वलाई हर्सौउल्लासका साथ मनाउन आग्रह समेत गरेकी छिन् ।



## सम्पादकीय

# बाढी प्रकोपको पूर्व तयारीमा जुट्नु आवश्यक

वर्षायाम सुरुवातसँगै सप्तरीको विभिन्न स्थानहरु डुवानमा पर्न थालेका छन् । अविरल वर्षासँगै जिल्लाको खाँडो, महुँली, बलान, कोशी लगायतका नदीमा आउने बाढीका कारण विभिन्न स्थानहरु जलमग्न हुने र करोडौं मूल्य बराबरको सम्पत्ति क्षति हुने क्रम सुरुवात भएको छ । एकातिर बाढीको यो क्रम सुरुवात भएको छ भने यसबाट जोगिन सम्बन्धित निकायले समयमै यसको उचित व्यवस्थापन गर्न नसक्दा ठूलो क्षति ब्योहर्नु परिरहेको छ । सरकारी स्तरबाट अझैं बाढी प्रकोपको पूर्व तयारीका कार्य सुरु हुन सकेका छैनन् भने गैरसरकारी स्तरबाट भइरहेका प्रयासहरु पनि अपर्याप्त भएको महसुस भइरहेको छ । खासगरि नदी छेउका स्थानहरुमा बाढी पस्ने र सर्वसाधारणको बिगहौ खेतियोग्य जग्गामा बालुवा पुरेर क्षति हुने गरेको छ। बाढीका कारण कतिपय गाविसका सर्वसाधारणहरु बिस्थापित हुने, घरबारबिहीन हुने र लाखौंको सम्पत्ति नष्ट हुने गरेको सप्तरी जिल्लामा यस वर्ष पनि यस्तो क्षति नहुने भने भन्न सक्ने स्थिति छैन् ।

तसर्थ आफ्नो सम्बन्धीत निकायले सर्वसाधारणको दु:ख कष्टलाई ध्यानमा राखि आजैदेखी बाढी प्रकोपको पूर्व तयारीमा जुट्नु आवश्यक देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विप्लवको भेटवार्ता : वामपन्थी एकता कि सहमति कार्यान्वयनको खोजी ?

काठमाडौँ, ५ साउन (रासस) ।

मिति २०७८ असार ३० गते नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग खुमलटारमा भेटवार्ता ।

मिति २०७८ असार ३१ गते नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपालसँग कोटेश्वरमा भेट, लगत्तै नेपाल र प्रचण्डसँग संयुक्त भेटवार्ता ।

मिति २०७८ साउन १ गते जनता समाजवादी पार्टी नेपालका नेता डा बाबुराम भट्टराईसँग भेटवार्ता ।

मिति २०७८ साउन २ गते आफ्ना राजनीतिक गुरु एवं नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्यसँग भेटघाट ।

मिति २०७८ साउन ३ गते एमाले प्रवेश गरेका पूर्वमाओवादी नेताहरू टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा र प्रभु साहसँग भेटवार्ता ।

मिति २०७८ साउन ५ गते एमाले अध्यक्ष केपी शर्मा ओलीसँग बालकोटमा भेटवार्ता ।

खुला राजनीतिमा आएपछि पनि झण्डै पाँच महिनासम्म 'गुमनाम' बनेका नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले पछिल्ला केही दिनयता राजनीतिक भेटघाटलाई तीव्र पार्नुभएको छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग तीनबुँदे सम्झौता गरेर भूमिगत राजनीति परित्याग गर्नुभएका चन्दको ओली सत्ताबाट बाहिरिएसँगै भइरहेको राजनीतिक भेटवार्तालाई चासोका साथ हेरिएको छ ।

पछिल्ला एक साताभित्र चन्दले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकलम दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका नेता डा बाबुराम भट्टराई, आफ्ना राजनीतिक गुरु एवं नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य, एमाले प्रवेश गरेका पूर्वमाओवादी नेताहरू टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा र प्रभु साह, एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको छ ।

राजनीतिक भेटवार्ता मूलत: सरकार र नेकपाबीच गत फागुन २० गते भएको तीनबुँदे सहमति कार्यान्वयनको अवस्था र वर्तमान राजनीतिक परिस्थितिका बारेमा केन्द्रित रहेको प्रस्ट देखिएको छ । विशेषत: प्रचण्डसँगको भेटमा चन्दले ओली नेतृत्वको सरकारसँग भएका सहमति शेरबहादुर देउवा नेतृत्वको सरकारले कुनस्न ढङ्गले ग्रहण गर्छ भन्ने विषयमा कुराकानी गर्नुभएको बुझिएको छ ।

नेकपाका नेता धर्मेन्द्र बाँस्तोला मुख्यत: दुई बुँदामा केन्द्रित रहेर राजनीतिक भेटवार्ता भएको बताउनुहुन्छ । सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयन र वर्तमान राजनीतिक जटिलताको निकासका बारेमा महासचिव चन्दले छलफल गरेको उहाँले बताउनुभयो ।

"भेटवार्ताका क्रममा हामीले तीनबुँदे सहमति कार्यान्वयनमा भइरहेको ढिलाइका बारेमा जिज्ञासा राख्यौँ, सहमतिको कार्यान्वयन गरौँ भन्ने विषयलाई जोड दियौँ", उहाँले भन्नुभयो, "विभिन्न पार्टीका नेतासँग भएका भेटमा वर्तमान राजनीतिक घटनाक्रमका बारेमा पनि छलफल भए ।"

नेकपाले सरकारसँग प्रगतिशील संयुक्त सरकार, जनमत सङ्ग्रह र वैज्ञानिक समाजवाद निर्माणका लागि बहस र छलफल चलाउने तीनबुँदे सहमति गरेको थियो । सोही सहमतिका आधारमा सरकारले नेकपाको गतिविधिमाथि लगाइएको प्रतिबन्ध हटाएको थियो । सरकारसँग भएको सहमतिअनुसार पक्राउ परेका कार्यकर्ता रिहा नभएको भन्दै नेकपाले सहमतिको कार्यान्वयनमा आशङ्का व्यक्त गर्दै आएको छ ।

अझै पनि नेकपाका कार्यकर्ता विभिन्न मुद्दामा कारागारमा थुनामा छन् । "अझै १२० भन्दा बढी हाम्रा कार्यकर्ता कारागारमा छन्", नेता बाँस्तोलाले भन्नुभयो, "कार्यकर्ता रिहाइमा भएको ढिलाइ विषयमा पनि भेटमा छलफल भएको हो ।"

मोहन वैद्यसँगै तत्कालीन नेकपा (एकीकृत माओवादी) फुटाएर अलग्गै पार्टीमा लाग्नुभएका चन्दको वैद्यसँगको सहकार्य पनि लामो समय जान सकेन । वैद्यको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न हुन नसक्ने भन्दै उहाँले छुट्टै पार्टी बनाएर अगाडि बढ्नुभयो । ओली नेतृत्वको सरकारले चन्द नेतृत्वको नेकपाको गतिविधि गैरराजनीतिक प्रकृतिको भएको ठहर गर्दै प्रतिबन्ध लगाएको थियो ।

वामपन्थी विश्लेषक श्याम श्रेष्ठ चन्दको भेटवार्ताको शृङ्खलालाई दुई कोणबाट हेर्नुपर्ने बताउनुहुन्छ । सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयन र कार्यकर्ता रिहाइसँगै वामपन्थी एकताको सम्भावनाका विषयमा चन्दले छलफल गरेको हुनसक्ने उहाँको ठम्याइ छ ।

"विप्लव खुला राजनीतिमा आएपछि अब उहाँको बाटो के त ?", उहाँले भन्नुभयो, "डा भट्टराई, माधव नेपाल, प्रचण्डसँगको भेटवार्तामा के वामपन्थी मिल्न सक्छन् भन्ने विषयमा छलफल भएको हुनसक्छ ।" वामपन्थी एकताका लागि दाहाल, नेपाल र चन्दबीच कुराकानी भए पनि त्यसले मूर्त रूपमा पाउन कठिन देखिएको उहाँको भनाइ छ । "वैचारिक र सैद्धान्तिक छलफल गहिरोसँग गरेर, मिलन विन्दु पहिल्याएर, कामकारबाहीमा एकरुपता ल्याएर गरेको एकता टिकेको देखिन्छ, सैद्धान्तिक विषय नटुङ्गीकन भएका एकता टुटेका छन्", श्रेष्ठले भन्नुभयो ।

कास्वामहरूको एकता तत्काल सम्भव नभए पनि गठबन्धन लामो समयसम्म टिक्न सक्ने उहाँको बुझाइ छ । विश्लेषक श्रेष्ठ माओवादी केन्द्र, एमालेको माधव नेपाल पक्ष र चन्द नेतृत्वको नेकपाबीचको 'एलायन्स' सम्भव देख्नुहुन्छ । "चन्द सशस्त्र सङ्घर्षको बाटोमा हुनुहुन्थ्यो, सशस्त्र सङ्घर्ष त्यागेपछि उहाँको बाटो के त अब ? त्यसो भएकाले यी तीन पक्षबीच गठबन्धन हुन सक्छ", उहाँले भन्नुभयो, "तर पार्टी एकता हुन सक्दैन ।"

# घरघरमा तुलसी रोपियो

काठमाडौँ, ५ साउन (रासस) ।

प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन घरघरमा तुलसीको बिरुवा सारी चार महिनासम्म गरिने विशेष पूजा आराधना मंगलबारदेखि शुरु भएको छ ।


एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घरघरको तुलसी मोठमा राखिएको दलको बिरुवा मंगलबार मोठमा रोपिएको हो । सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रुपमा मानिन्छ । मंगलबारदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा आराधना हुन्छ ।

आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्नुहुने भएकाले मंगलबारको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । भगवान् विष्णु शयन गर्नुहुने चार महिनालाई चतुर्मासा पनि भनिन्छ ।

एक वर्षमा २४ एकादशी पर्छन् । सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर व्रत बस्छन् । नसक्नेले चतुर्मासाका चार महिनामा पर्ने आठ एकादशीमा व्रत गर्छन् । कामकाजमा सक्रिय हुनुपर्ने र चार महिनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन् ।

हरिशयनी एकादशीका अवसरमा मंगलबार बिहानैदेखि राजधानीको बूढानीलकण्ठ, उपत्यकाका चार नारायणलगायत देशभरका नारायण एवं विष्णु मन्दिरमा भक्तजनको भीड लाग्ने भए पनि यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलने डरले २५ भन्दा बढीको भीडभाड नगर्न

बाँकी तीन पृष्ठमा



# बलि (कुर्वान) दिने पर्व बकर इद

काठमाडौँ, ६ साउन (रासस)।
मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) आज देशभरका मस्जिदमा हर्षोल्लासपूर्वक मनाइँदैछ। इदुल फित्रअर्थात् रमजान पर्वको ७० औँ दिनमा बकर इद मनाउने धार्मिक विधि रहिआएको छ।

इस्लामिक पात्रोअनुसार १२ औँ महिनाअर्थात् दिल हिज्जाको १० औँ दिन यो पर्व मनाउने गरिएको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले जानकारी दिनुभयो। यस दिन मुस्लिम धर्मावलम्बी बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्छन्। नमाज पढिसकेपछि एकापसमा अङ्कमाल गर्दै शुभकामना आदान प्रदान गरिन्छ।

यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्छ। यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलन सक्ने भएकाले मुस्लिम आयोगलगायत निकायले विज्ञप्ति जारी गरी घरमै बसेर सुरक्षितरुपमा बकर इद मनाउन आह्वान गरेका छन्।

हिजरी संवत्अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्फनामा यो पर्व मनाउन थालिएको राष्ट्रिय मुस्लिम आयोगका पूर्वअध्यक्ष निर्दोष अलीले जानकारी दिनुभयो।

"अल्लाहको आदेश इब्राहिमलाई तेरो नजिकको प्यारो चीज कुर्वान (बलिदान) दे भन्ने थियो, जसअनुसार इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैँ आएर परीक्षामा उत्तीर्ण भइस्, यो भेडालाई बलिदान गर भनी आदेश दिनुभयो, यही घटनाका आधारमा यो पर्व मनाउन शुरु भएको हो", पर्वको ऐतिहासिक पृष्ठभूमि बताउँदै उहाँले भन्नुभयो।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउनुहुन्छ। जसले यो पर्व एवं धर्मलाई पुस्तान्तरण गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गर्नुभएको थियो।

"जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय (मदरसा) मा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्फनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ", उहाँले भन्नुभयो।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिने भए पनि यस वर्ष कोरोनाका कारण अन्तर्राष्ट्रिय उडानसमेत सहज छैन। जसका कारण हजयात्री मक्का मदिना जान पाएका छैनन्। मक्का मदिना जान नपाएका हजयात्रीले समेत घरघरमै बकर इद मनाउने छन्।

मस्जिद, इदगाहलगायत धार्मिकस्थलमा पनि भौतिक दूरी कायम गरेर बकर इद मनाउने तयारी गरिएको छ। यस पर्वमा अल्लालाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्वानी (बलि) दिने गर्दछन्। धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो। जसलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ। यसै कारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ।

निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए। अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो। सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नुपर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको मान्यता छ। उनले धेरै जनावर कुर्बानी गरे तर अल्लाह खुशी भएका थिएनन्। अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए। यस घडीमा उहाँको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्वान (बलि) भएको थियो।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ। एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता छ।

# वर्षाका कारण १३ सङ्घीय सडक अवरुद्ध

काठमाडौँ, ५ साउन (रासस)।
असारदेखि निरन्तर वर्षाका कारण हाल १३ सङ्घीय सडक अवरुद्ध बनेका छन्। असारयता १३२ सडक अवरुद्ध भएकामा ७३ सडक हाल एकातर्फबाट मात्रै सुचारु रहेको सडक विभागले जनाएको छ।

दैलेख जिल्लामा कर्णाली राजमार्गका जमुनाहा-नेपालगञ्ज-कोहलपुर-सुर्खेत-खुलालु-हिल्सा सडक मंगलबार अवरुद्ध बनेको छ।

रसुवा जिल्लाको ठोरी-भण्डारा-मलेखु, गल्छी-त्रिशूली-बेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक असार २७ गते अवरुद्ध भएकामा अफै खुल्न सकेको छैन।

सो सडकको त्रिशूली खोला, सानो भार्खु खोला, गाँजाबारीमा अवरुद्ध छ। यस सडकखण्ड तत्काल मर्मत गर्नुभन्दा पनि वैकल्पिक सडक बनाइएको छ। यस खण्डमा वर्षात्को समयमा धेरै ठाउँमा पहिरो खस्ने र निर्माण गरे पनि अवरुद्ध हुने भएकाले वैकल्पिक सडक खुलाइएको हो।

डुम्रे-बेँसीशहर-चामे सडकअन्तर्गत लमजुङको रामबजार, अर्गले, च्याम्चेलगायतका स्थानमा सडक अवरुद्ध छ। अरनिको राजमार्गको लिपिङ्ग पुल अवरुद्ध छ। डुम्रे-बेँसीशहर-चामे सडकअन्तर्गत तनहुँ जिल्लाको भन्सारमा गत महिना १७ गतेबाट अवरुद्ध भएकामा अफै खुल्न सकेको छैन। सोही सडकको तिमाङ छहरा सडक अवरुद्ध भएकामा अफै खुल्न सकेको छैन।

सङ्घीय सडकअन्तर्गतका विभिन्न सडक असारदेखि अवरुद्ध भएकामा दुवैतर्फ सञ्चालन हुन नसकेका स्थानमा विभागले एकातर्फ मात्रै खुलाएर सवारी सुचारु गरिएको छ।

तत्काल पूरै सडक खुलाउन नसकिने स्थानमा पनि एकातर्फको पहिरो पन्छाएर पैदलयात्रु र सवारी साधन चल्न सक्ने बनाइएको विभागले जनाएको छ। सडकमा पहिरो खसेपछि खुलाइएको भए पनि सडक वा पुल नै बगाएका स्थानमा बढी समय लागेको छ।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको पिपलडाँडा, साँफेबगर-मार्तडी-कोल्टी सडक बल्दे-अमकोट खण्डमा सडक अहिले एकातर्फबाट मात्रै सञ्चालनमा छ। कर्णाली राजमार्गअन्तर्गत दैलेखको बाङ्गेसिमल, कालाखाला सैनसडकखण्ड, दरबाटे, बोटखाला सडकखण्ड पनि एकातर्फबाट मात्रै सञ्चालनमा छ।

खोड्पे-चैनपुर सडक बैतडीको ढोल्यामोड र बभाङको तमैल कचाली र हडडे खोला, रिला, वलेनामा आंशिकरुपमा मात्रै सञ्चालनमा आएको छ। कालीकोटमा बालीघाट, धनाडा र भिम्ममा सडक एकातर्फबाट मात्रै सञ्चालनमा ल्याउन सकिएको छ।

विभागअन्तर्गतका डिभिजन सडक कार्यालय र हेभि इक्युपमेन्ट कार्यालयले अवरुद्ध सडक खुलाइरहेका छन्। ती कार्यालयले आफूसँग भएका उपकरण र आवश्यक भएमा अरु कार्यालयबाट थप उपकरण माग गरेर अवरुद्ध खुलाइरहेका हुन्। चालू आवमा बढी वर्षा भइरहेकाले धेरै सडक अवरुद्ध छन्।

असारको पहिलो सातामा नै भारी वर्षा भएकाले अहिलेसम्म धेरै क्षति भएको विभागका उपमहानिर्देशक भीमार्जुन अधिकारीले बताउनुभयो। उहाँका अनुसार चालू आवमा गत आवभन्दा बढी क्षति भएको अनुमान गरिएको छ। त्यहाँ कति रकम बराबरको क्षति भएको छ भनी यकिन भने छैन। उहाँले भन्नुभयो, "प्राविधिक गएर हेरेपछि मात्रै वास्तविक क्षति थाहा हुनेछ।"

### घरघरमा तुलसी ...

सरकारले सार्वजनिकरुपमा आह्वान गरेकाले कमै दर्शनार्थी पुगेको जनाइएको छ। उपत्यकाका मुख्य मुख्य मन्दिर बन्द गरिएको छ। केही खुलेका मन्दिरमा भने भक्तजनले भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर पूजा, आराधना एवं दर्शन गरेका छन्।

एकादशीका दिन विशेष गरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिँडोलगायत फलाहार गर्ने गरिन्छ। वैज्ञानिकरुपमा पनि बढी अक्सिजन पाइने प्रमाणित भएको तुलसी विभिन्न रोगका लागि औषधिका रुपमा समेत प्रयोग गरिन्छ। कोरोनाको जोखिम कायम रहेका बेला मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्न तुलसीबाट बनेको चिया प्रभावकारी हुने आयुर्वेद चिकित्सक डा शेषराज आचार्य बताउनुहुन्छ। सिंहदरबार वैद्यखाना विकास समितिले बनाएको तुलसीको चियाको माग अहिले बढेको छ।

तुलसीको मोठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वाससमेत गरिन्छ। वास्तु दोष भएका स्थानमा तुलसीको मोठ राख्नाले सकारात्मक फल प्राप्त हुने मान्यतासमेत छ। तुलसी भएका स्थानमा शुद्ध हावा बहने तथ्यसमेत वैज्ञानिकरुपमा पुष्टि भएको छ।

चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशीअर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ। तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्निस्थापना विधिबाट पूजा आराधनासहित चतुर्मासा व्रतको उद्यापन गरिन्छ। उद्यापनका बेला हवनसहित साङ्गे गर्ने परम्परा छ।


**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### कोभिड खोप लगाएका व्यक्ति साउदी अरेबिया जान पाउने

रियाद, ५ साउन (रासस/सिन्ह्वा)।
साउदी अरेबियाले कोभिड-१९का विरुद्धको खोप लगाएका व्यक्तिलाई आफ्नो देशमा आउन पाउने अनुमति दिएको छ।

कोभिड खोप दुवै मात्रा लगाएका व्यक्तिलाई मात्र देश भ्रमणको अनुमति दिइने निर्णय साउदी अरेबियाको सरकारले गरेको बताइएको छ।

यसअघि साउदी अरेबियाले विभिन्न देशहरुबाट यात्रा प्रतिबन्ध लगाएको थियो। साउदी अरेबियामा पनि पछिल्लो समयमा कोभिडको नयाँ भेरिएन्ट भेटिएकोले धेरै मानिस सङ्क्रमित हुन पुगेका छन्।

त्यसैले कैयौँ देशबाट यात्रामा प्रतिबन्ध लगाएको साउदी अरेबियाले अहिले भने कोभिडको दुवै खोप लगाएका व्यक्तिलाई साउदी अरेबिया जान पाउने गरी खुला गरेको हो।

यहाँका आन्तरिक मामिलासम्बन्धी मन्त्रालयले सोमबार सो निर्णय गरेको हो। सो मन्त्रालयले कोभिडका विरुद्धको सतर्कताको एक अभियानका रुपमा यो नियम बनाएको हो।

साउदी प्रेस एजेन्सीले सोमबार सो समाचार दिएको छ। उक्त एजेन्सीका अनुसार साउदी अरेबियाले यही अगष्ट ९ बाट यो यात्रा प्रतिबन्ध फुकुवा गरिने बताएको छ।

यसअघि यहाँ कडा नयाँ भेरिएन्टका कारण धेरै ठूलो संख्यामा सङ्क्रमित देखिएकामा पछिल्ला केही दिनमा त्यो सङ्क्रमणको संख्या घटेपछि यो निर्णय गरिएको हो।

साउदी अरेबियाले गत मे १७ देखि यो यात्रा प्रतिबन्ध लगाएको थियो। त्यस यता यहाँ कैयौँ विदेशी उडान पनि रोकिएको थियो।

### भारतमा थप ३० हजार ९३ नयाँ सङ्क्रमित

नयाँदिल्ली, ५ साउन (रासस/एएनआई)।
भारतमा कोरोनाभाइरसबाट नयाँ ३० हजार ९३ जना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ।

सोमबार भएको सङ्क्रमितको यो संख्या गएको १२५ दिनमा सबभन्दा कम भएको बताइएको छ। भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ११ लाख ७४ हजारभन्दा बढी पुगेको छ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या चार लाख छ हजार १३० रहेको अधिकारीले जनाएका छन्। पछिल्लो एक दिनमा कोरोनाभाइरसका कारण थप ३७४ जनाको मृत्यु भएको पनि मन्त्रालयले मंगलबार जानकारी दिएको छ। कोरोनाभाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख १४ हजार ४८२ पुगेको पनि सो मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा ४५ हजार २५४ कोरोना मुक्त भएपछि भारतमा तीन करोड तीन लाख ५३ हजार ७१० व्यक्ति कोरोना मुक्त भएका छन्।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४४ करोड ७३ लाख ४१ हजार १३३ जनाको स्वाब परीक्षण गरिएको छ। ती मध्ये १७ लाख ९२ हजार ३३६ जनाको स्वाब परीक्षण जुलाई १९ का दिन भएको छ।

त्यसैगरी गत जनवरी १६ बाट भारतमा कोरोना भाइरस विरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि अहिलेसम्म ४१ करोड १८ लाख ४६ हजार ४०१ ओटा कोरोना भाइरसविरुद्धको खोप प्रयोग भएको छ।

### इराकमा भीषण बम विस्फोट कम्तीमा २८ जनाको मृत्यु

बग्दाद, ५ साउन (रासस/सिन्ह्वा)।
इराकको राजधानी बग्दादको पूर्वीभागमा बम विस्फोट हुँदा कम्तीमा २८ जनाको मृत्यु भएको यहाँ गृह मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ।

बग्दादको सुबुर्ब जिल्लाको सदर सहरस्थित प्रख्यात बजारमा मुस्लिमको चाड इद अल-अदाको पूर्वसन्ध्यामा भएको यस आत्मघाती हमलामा कम्तीमा २८ जनाको मृत्यु हुनुको साथै अन्य ६६ जना घाइते भएका प्रहरी स्रोतले जनाएको छ। केही घाइतेको अवस्था गम्भीर रहेकाले मृतकको संख्या बढ्न सक्ने जनाइएको छ।

इराकका प्रधानमन्त्री मुस्ताफा अल कादहिमी सुरक्षा र गुप्तचर निकायका अधिकारीसँग यस भीषण आक्रमणको विषयमा छलफल शुरु गर्नुभएको सरकारी अधिकारीले जारी गरेको विज्ञप्तिमा जनाइएको छ। जारी विज्ञप्तिमा कादहिमी आक्रमणका पीडित परिवारलाई सहयोग गर्ने र आतंककारीको खोजी गर्ने वाचा गर्नु भएको छ।

इराकी राष्ट्रपति बारहम सलिहले एउटा ट्वीटमार्फत ईद अल-अधाको पूर्वसन्ध्या भएको यस घटनालाई एउटा जघन्य अपराध र क्रूरता गर्नु भएको छ।

# कोरोना सङ्क्रमण बढ्दै

काठमाडौँ, ५ साउन (रासस)।

नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। पछिल्लो २४ घण्टामा सङ्क्रमितको सङ्ख्या बढेर तीन हजार १०८ पुगेको छ। सोमबार सङ्क्रमितको सङ्ख्या दुई हजार ४४५ थियो भने आइतबार सो सङ्ख्या एक हजार ८०१ रहेको थियो। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या सात लाख २१ हजार दुई पुगेको छ।

पछिल्लो २४ घण्टामा थप आठ हजार ८३६ को पिसिआर परीक्षण तथा चार हजार २९९ को एन्टिजेन परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। पिसिआर विधिबाट दुई हजार २०२ तथा एन्टिजेन विधिबाट परीक्षण गर्दा ९०६ मा सङ्क्रमण पुष्टि भएको हो। सोमबार सात हजार ८३३ को पिसिआर परीक्षण गर्दा एक हजार ६४२ तथा तीन हजार ८३१ को एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दा ८०३ मा सङ्क्रमण पुष्टि भएको थियो। यस्तै आइतबार छ हजार ६२८ को पिसिआर परीक्षण गर्दा एक हजार २२३ तथा तीन हजारको एन्टिजेन विधिबाट परीक्षण गर्दा ५७८ मा सङ्क्रमण पुष्टि भएको थियो।

हालसम्म छ लाख ३४ हजार ७२७ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर एक हजार ५९५ सङ्क्रमित निको भई घर फर्किएको मन्त्रालयले जनाएको छ। सोमबार एक हजार २५८ सङ्क्रमित निको भएर घर फर्किएका थिए भने आइतबार एक हजार ६६७ जनामा सञ्चो भई घर फर्किएका थिए।

काठमाडौँ उपत्यकामा पछिल्लो समय ७१९ सङ्क्रमित थपिएका छन्। काठमाडौँका ५३१, भक्तपुरका ४१ तथा ललितपुरका १४७ जना रहेका मन्त्रालयले जनाएको छ।

सोमबार उपत्यकामा ४७४ सङ्क्रमित थपिएका थिए। काठमाडौँमा ३३०, ललितपुरमा ५६ तथा भक्तपुरमा ८८ जनामा सङ्क्रमण पुष्टि भएको थियो। यस्तै आइतबार उपत्यकामा ३३४ सङ्क्रमित थपिएका थिए भने काठमाडौँका २३४, भक्तपुरका ३६ तथा ललितपुरका ६४ सङ्क्रमित रहेका थिए।

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणबाट थप २५ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार ६०७ पुगेको मन्त्रालयले जनाएको छ। सोमबार कोरोनाबाट ३२ जनाले ज्यान गुमाएका थिए भने आइतबार कोरोना भाइरसका कारण २३ जनाको मृत्यु भएको थियो।

### आज सार्वजनिक ...

(इद-उल-अजहा) को अवसरमा साउन ६ गते बुधबार मुलुकभर लागू हुने गरी सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको जनाएको छ।

मन्त्रिपरिषद्को यही साउन ४ गतेको निर्णयानुसार बिदा दिइएको मन्त्रालयका प्रवक्ता जनकराज दाहालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




# राजविराज नगरपालिकाको कार्यालय, सप्तरी




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np